नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभाग मातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरधाम, धनुषाले मिति २०८३/०४/२० गते मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयको नेतृत्वमा बारा जिल्ला, जीतपुरसिमरा उप-महानगरपालिका वडा नं. –२२, अमलेखगन्ज स्थित होटेल/रेष्टुरेन्टको अनुगमन निरीक्षण गरी निम्न बमोजिमको खाद्य व्यवसायमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | होटल क्वीक ट्वेन्टी एण्ड रिभर साईड प्रा. लि. | • उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ भान्सा तथा भण्डारण कक्षमा पाइएको<br>• स्किन केयरमा प्रयोग हुने भनी लेबलमा उल्लेख भएको (गुलाब जल/रोज वाटर) बिरयानी बनाउँन प्रयोग गर्ने गरेको पाइएको<br>• लेबल नभएको खाद्य पदार्थ भान्सा तथा भण्डारण कक्षमा पाइएको<br>• फोहरदानी खुला अवस्थामा रहेको<br>• खाद्य तथा अखाद्य पदार्थ (विभिन्न प्रकारका डिटरजेन्ट्स) सँगै भण्डारण गरेको पाइएको<br>• दर्ता प्रमाण-पत्र दुरुस्त नरहेको पाइएको। | • जिल्ला प्रशासन कार्यालय, बाराका सहायक प्रमुख जिल्ला अधिकारीद्वारा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. २,००,०००/- (अक्षरुपी दुई लाख रुपैयाँ) जरिवाना गरिएको<br>• उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ करिब रु. ४,१३५/- (अक्षरुपी चार हजार एक सय पैंतिस रुपैयाँ) बराबर अनुगमन स्थलमै जफत गरी नष्ट गरिएको<br>• अनुगमनको दौरान देखिएका कैफियतहरु यथाशिघ्र सुधार गर्न अनुगमन टोलीद्वारा निर्देशन दिइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः एक (१) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२२

## अनुगमनका केहि झलकहरु:





